# १५ औं EWER त्रैमासिक प्रतिवेदन

# अक्टुवर –डिसेम्वर, २०१८

## पृष्ठभूमि

यो प्रतिवेदनले, देशको बिभिन्न भागमा नागरिक अधिकारको अवस्था कस्तो छ, स्थानीय राजनीतिक, सामाजिक अथवा स्रोत-साधनको परिचालनको बिषयमा द्वन्द्वका संभावना र आयाम के कस्ता छन्, भन्ने बारे जानकारी/पूर्वसूचना दिने कोशिस गरेको छ। नेपालको राज्य पूर्नसंरचनाका आधारमा सातवटै प्रदेशमा रहेका ७ जना प्रतिनिधिहरूले हामीलाई उपलब्ध गराएको सूचना र जानकारीको आधारमा नेपालको ७ वटै प्रदेशमा घटेका प्रमुख घटना र सम्बन्धित जानकारी समेटेर यो प्रतिवेदन तयार पारिएको हो। २०१८ को अक्टुवरदेखि डिसेम्वर महिनासम्मका हामीलाई उपलब्ध जानकारी यस प्रतिवेदनमा समेटिएका छन्। सुशासन, सामाजिक एकता/तनाव, राजनीतिक तनाव/परिचालन, स्रोत-साधनमाथिको द्वन्द्व, सङ्क्रमणकालीन न्याय/न्यायमा पहुँच र भूकम्प लगायतका विपद्पछिको राहत/सहयोग वितरण सम्बन्धी चुनौती/द्वन्द्व शीर्षकमा सूचना संकलन गरिएको थियो। यहाँ यी विभिन्न शीर्षकमा प्राप्त जानकारी बारे विश्लेषण तथा चर्चा गरिएको छ।

## सारांश

- **संघीय सरकारले कर्मचारी समायोजन अध्यादेश २०७५ जारी गरेपछि देशभर स्थानीय तहमा कार्यरत कर्मचारीहरुले समायोजनका लागि सवै सेवाहरुवीच समान नभएको जनाउँदै बिरोध गर्नुका साथै स्थानीय तहमा सेवा ठप्प पारी लामो समयसम्म आन्दोलन गरे। सेवा नै ठप्प पारि कर्मचारीहरुद्वारा आन्दोलन गरिदा स्थानीय सेवाग्राहीहरुले निकै सास्ती व्यहोर्नु पऱ्यो।**
- **निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरुबाट स्थानीय तह संचालन भएको डेढ वर्ष पुरा भईसक्दा पनि कतिपय स्थानीय तहमा दरवन्दी अनुसारको कर्मचारीहरु नहुँदा कार्यपालिकाको कार्यालयदेखि वडा कार्यालयसम्म प्रभावकारी सेवा प्रवाहमा समस्या भएको पाईयो। कर्मचारीको अभावले सेवा प्रभावमा समस्या हुन थालेपछि सेवाग्राहीहरु भने जनप्रतिनिधिप्रतिनै रुष्ट हुन थालेको पाईयो।**
- प्रदेश नं. २ मा बिकास बजेटको ७० प्रतिशत रकम दूरुपयोग हुने गरेको धारणा प्रदेश सरकारकै एक मन्त्रीले सार्वजनिक कार्यक्रममा व्यक्त गरे। निर्वाचित जनप्रतिनिधिहरुमाथि भ्रष्टाचार र अनियमितताको आरोपहरु उठिरहेका वेला सरकारकै मन्त्रीबाट यस किसिमको धारणा आउनुले बढदो भ्रष्टाचारको संकेतलाई थप बल पुरयाएको स्थानीयले आरोप लगाउने गरेको पाईयो।
- बिगतमा झै यस त्रैमासिक अवधिमा पनि अख्तियार दूरुपयोग अनुसन्धान आयोगले बिभिन्न निकायहरुमा भ्रष्टाचारको आरोपमा संलग्न व्यक्तिहरुलाई गिरफ्तार गरि कार्वाही प्रकृया अघि बढाउने कामलाई तिव्रता दिएको पाईयो।
- प्रभावकारी र गुणस्तरीय शिक्षामा सरकारको जोड रहेता पनि शिक्षकको कुटाईबाट बिद्यार्थीको ज्यान जाने, बिद्यालयमा तालाबन्दी, आन्दोलन र हडताले पठन पाठन ठप्प, आर्थिक अनियमितता लगायत शिक्षा क्षेत्रमा केही बेतिथीहरु यस त्रैमासिक अवधिमा समेत देखिए। बेतिथीका यस्ता कार्यले शिक्षामा सुधारभन्दा बिकृती अझ बढेको भन्दै कतिपय स्थानीय क्षेत्रमा चिन्ता र चासोको बिषय समेत बनेको पाईयो।
- **बलात्कार गरि हत्या गरिएका निर्मला पन्तको घटनाका दोषीलाई कडा कार्वाही गर्न बिगतको त्रैमासिक अवधिमा देशैभरी आवाज उठेकोमा निर्मलाप्रतिको न्यायको आवाजले यस त्रैमासिक अवधिमा पनि निरन्तरता पायो। केही ठाउँमा बिरोध प्रदर्शनहरु भए भने केही ठाउँमा प्रहरीसंग झडपका घटनाहरु समेत हुन पुगे। यधपी उक्त घटनाका दोषी यस अवधिमा पनि सार्वजनिक हुन सकेन।**
- **बिगतमा झै लैंगिकतामा आधारित हिंसाका घटनाहरु, जस्तै बलात्कार, यौनजन्य दुर्व्यवहार, कथित बोक्सीको आरोपमा अमानवीय कार्य, घरेलु हिंसा लगायत घर झगडामा कुटपीट गरि हत्या गरिने जस्ता जघन्य अपराध, यस त्रैमासिक अवधिमा पनि भए। हिंसामा ५ वर्षीया बालिकादेखि ६८ वर्षीया बृद्धासम्म पीडित भएको पाईयो।** *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको हिसावले गोप्य राखिएको छ।)*
- यस अवधिमा प्रदेश नं. ५ का केही ठाउँमा बलात्कार र यौनजन्य दुर्व्यवहारका घटनामा पीडित पक्षलाई जर्वजस्ती मिलापत्र गराउन राजनीतिक दल रस्थानीय जनप्रतिनिधिसमेत दवाव दिएका सार्वजनिक जानकारीमा आयो।
- यस त्रैमासिक अवधिमा प्रदेश नं. २ मा लैंगिकतामा आधारित हिंसा रोक्न 'हेल्लो एप्स' सार्वजनिक गरियो। प्रदेश प्रहरी कार्यालयको आयोजनामा गरिएको उक्त कार्यक्रममा प्रदेश प्रमुखबाटै एप्सको उद्घाटन गरिएको थियो। त्यसैगरि सुदुर

पश्चिम प्रदेशको बाजुरा जिल्लास्थित बुढीनन्दा नपामा छाउपडि प्रथा हटाउन छाउपडि गोठ भत्काउने कार्यको नेतृत्व स्थानीय सरकारले नै गरेको पाईयो । यस अवधिको यी दुवै कार्यलाई स्थानीयले सकारात्मक रुपमा लिए ।

- संघीय सरकारले नीति तथा कानुन निर्माणको काममा गति लिन नसक्दा प्रदेश र स्थानीय तहको काम कारवाहीमा समेत प्रभाव परेको गुनासो बढन थालेको पाईयो । नीति र कानुनी स्पष्टताले बजेट बाँडफँड, राजस्व बाँडफाँड, कर्मचारी व्यवस्थापन जस्ता बिषयमा अझै अन्योलता कायम रहेको प्रदेश नं. ४ का मुख्यमन्त्री पृथ्वी सुव्वा गुरुङले बताए ।
- बिगतमा झै यस त्रैमासिक अवधिमा स्थानीय तहमा राजनीतिक तथा सीमा बिबादका समस्याहरु देखा परे । कर्णाली प्रदेश अन्तर्गत रुकुम पूर्वको सिस्ने गाउँपालिका र पश्चिमको मुसीकोट नगरपालिकावीचको सिमा बिबादले स्थानीय बिकासलाई समेत प्रभाव पारेको देखियो । कतिपय स्थानीय तहमा राजनीतिक खिचातानी र असहजताले राजनीतिक दलहरुवीचको दूरी पनि बढदो रुपमा रह्यो ।
- यस त्रैमासिक अवधिमा प्रदेश नं. ३ मा मुख्यमन्त्रीद्वारा आफ्नै क्याविनेटका मन्त्री केशव स्थापितऱ्लाई बर्खास्त गरिएको घटनाले राजनीतिक क्षेत्रमा निकै चर्चा पायो ।
- बिगतमा झै यस त्रैमासिक अवधिमा प्रदेश नं. २ मा बिभिन्न राजनीतिक दलक भातृ संगठनवीच हिंसात्मक झडपका घटनाहरु भएको पाईयो । नेपाली कांग्रेस निकट नेपाल बिद्यार्थी संघको पर्सास्थित जिल्ला अधिवेशनका सन्दर्भमा र संघीय समाजवादी फोरमको बिद्यार्थी भातृ संगठनको राष्ट्रिय महाधिवेशनको बिषयमा भएको बिबादले सो हिसात्मक स्वरुप लिएको पाईयो ।
- अर्धभूमिगत भई राजनीतिक गतिबिधि गर्दै आएको नेत्रविक्रम चन्द (विप्लव) का कार्यकर्ताहरुलाई गिरफ्तार गर्ने सरकारको नीति अनुरुप बिगतमा झै यस अवधिमा पनि बिभिन्न स्थानहरुबाट सो संगठनका नेता र कार्यकर्ताहरु गिरफ्तार भए ।
- बिगतमा झै यस अवधिमा पनि राजनीतिक दलहरुवीचका झडपका घटनाहरु भए । सर्लाहीमा नेकपा र नेपाली कांग्रेसका कार्यकर्ताहरुवीचको झडपमा गोली लागी एकजनाको ज्यान गयो भने महोत्तरीको बर्दिवासमा अपरिचित समूहद्वारा नेकपाको कार्यालयमा आगजनी गरि क्षति पुरयाएको पाईयो । प्रदेश नं. ५ मा अपरिचित समूहद्वारा हत्याका घटना लगायत अपराधिक घटनाहरु समेत भए ।
- प्रदेश नं. ५ र कर्णाली प्रदेशका बिभिन्न ठाउँमा बिगतमा झै यस अवधिमा पनि स्थानीय खोला नालाबाट नियम बिपरीत अनियन्त्रित ढंगले बालुवा, गिट्टी, ढुङ्गा लगायतका नदीजन्य पदार्थहरु निकासीको क्रम भईनै रह्यो । नियम बिपरीत ढंगले नदीजन्य पदार्थको तस्करीमा बृद्धि भएको जनाउँदै स्थानीयले कार्वाहीको माँग गर्दा समेत स्थानीय तह र प्रहरी प्रशासनले मौनता दर्शाएको स्थानीयको आरोप रह्यो ।
- पाहाडि बिकट क्षेत्रमा पानीको समस्या त छदैछ, तर यस अवधिमा खानेपानी मूलको बिबादका कारण स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकास्थित एक गाउँको सिङ्गो वस्तीमा पिउने पानीबाट बन्चित हुनुपर्दा गाउँका एकसय पचास परिवार प्रभावित भएको सार्वजनिक जानकारीमा आयो ।
- स्थानीयस्तरमा हुने बिकास निर्माणको कार्यमा साझा सहमतिमा नपुग्दा हिंसात्मक झडपमा परिणत हुने उदाहरण प्रदेश नं. २ को बारा जिल्लास्थित पचरौता नपामा देखियो । नगरस्तरीय अस्पताल निर्माण गर्ने सन्दर्भमा साझा सहमति हुन नसकेपछिको बिबादले दुई पक्षवीच हिंसात्मक रुप लिदा केही व्यक्तिहरु गंभीर घाईते समेत हुन पुगको पाईयो ।
- शसस्त्र द्वन्द्वमा ज्यान गुमाएका र बेपत्ता पारिका नागरिकको छानवीन लागि गठित सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको छानवीन आयोगद्धारा पीडितहरुको सवाल पूर्ण रुपमा सम्बोधन हुन नसकेको जनाउँदै द्वन्द्व पीडितहरुले राजनीतिक नेतृत्वले गंभीर भई समाधानका लागि पहल गरिनुपर्नेमा जोड दिएको पाईयो ।
- कतिपय स्थानीय तहहरुमा न्यायिक समितिले बिगतमा झै राजनीतिक असहमतिका कारण काम गर्न नसकिरहेको र कतिपयमा गठन हुने कुरामै देखिएको बिबादले अझै पूर्णता पाउन सकेको छैन । केही स्थानीय तह अन्तर्गतका न्यायिक समितिमा मेलमिलाप केन्द्र र इजलास नहुँदा नीतिसंगत रुपले काम गर्न नपाएको न्यायिक समितिका पदाधिकारीहरुले गुनासो गर्न थालेका छन् ।
- भूकम्प पीडितहरुले महाभूकम्पको चार वर्ष बित्न लाग्दा समेत राहतको सवै रकम अझै पाउन नसकेको गुनासो गरे । निकायबाट राहत नपाएका कारण निर्माणाधीन घर पूर्ण हुन नसक्दा अझै पनि चिसो र बर्षामा समस्या व्यहोर्नु पर्ने अवस्था कायमै रहेको पीडितहरुले बताए । भूकम्प प्रभावित कतिपय ठाउँमा दातावाट निर्माण भएका घरहरु चरम लापरवाहीका कारण मापदण्ड अनुसार हुन नसकेको पाईयो ।

## १- प्रशासन सम्बन्धी घटना / तनाव

**संघीय सरकारले कर्मचारी समायोजन अध्यादेश २०७५ जारी गरेपछि देशभर स्थानीय तहमा कार्यरत कर्मचारीहरुले समायोजनका लागि सवै सेवाहरुवीच समान नभएको जनाउँदै बिरोध गर्नुका साथै स्थानीय तहमा सेवा ठप्प पारी लामो समयसम्म आन्दोलन गरे । सेवा नै ठप्प पारि कर्मचारीहरुद्वारा आन्दोलन गरिदा स्थानीय सेवाग्राहीहरुले निकै सास्ती व्यहोर्नु पर्‍यो ।**

सरकारले जारी गरेको कर्मचारी समायोजन अध्यादेशविरुद्ध स्थानीय तहमा कार्यरत कर्मचारी आन्दोलित भए । स्थानीय तहमा कार्यरत कर्मचारी आन्दोलित हुँदा झापाका १५ वटै स्थानीय तहमा कार्यालयको दैनिकी कामकाज प्रभावित बन्न पुग्यो । यसले गर्दा स्थानीय तहमा सेवा लिन जाने सेवाग्राही खाली हात फर्किन बाध्य भए । सरकारले ०७५ मंसिर २३ गते जारी गरेको कर्मचारी समायोजन अध्यादेश २०७५ मार्फत पेशागत स्थायित्व र कर्मचारी समायोजनका लागि सबै सेवाबीच समान व्यवहार नभएको भन्दै स्थानीय तह ट्रेड युनियन सयुक्त आन्दोलन परिचालन समितिले पाँच बुँदे माँग राख्दै मंसिर २८ गतेदेखि आन्दोलन शुरु गरेका थिए ।

सुनसरी जिल्लाको १२ वटै स्थानीय तहका करिव दुईसय कर्मचारीहरुले कर्मचारी समायोजना ऐन २०७५ को बिरोधमा सेवा ठप्प गरि आन्दोलन गर्दा सेवाग्राहीले कष्ट बेहोर्नु पर्‍यो । गढी गाउँपालिका वडा नं. ५ की २२ वर्षीया सुकनी सदाले छोराको जन्मदर्ता बनाउन वडा कार्यालयमा लगातार सात दिन धाउदा पनि कर्मचारीको आन्दोलनका कारण जन्मदर्ता गराउन नपाएको गुनासो गरिन् । इनरूवा न-९ का ३४ वर्षीय दिपेन्द्र यादव चार किल्ला प्रमाणितको सिफारिस लिन नपामा पुग्दा आन्दोलन अवधिभर केही काम नहुने कर्मचारीको भनाईले आफ्नो काम रोकिदा निकै समस्या बेहोर्नु परेको बताए ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

'कर्मचारी समायोजन अध्यादेश' प्रति असहमति जनाउँदै प्रदेश नं. ५ अन्तर्गत स्थानीय तहका कर्मचारीहरुले ०७५ पुष ४ गतेदेखि स्थानीय तहरुमा कामकाज ठप्प गरे । निजामती कर्मचारीहरुलाई दिइँदै आएको सेवा, सुविधाबाट बञ्चित गराउने गरी सरकारले अध्यादेश ल्याएपछि त्यसको बिरोधमा आन्दोलित हुनुपरेको आन्दोलनरत कर्मचारीहरुले बताए । नेपाल सरकारबाट मंसिर २३ गते राजपत्रमा प्रकाशन भई जारी भएको कर्मचारी समायोजन अध्यादेश २०७५ मा साविकका स्थानीय निकायमा कार्यरत कर्मचारीहरुको सम्बन्धमा कुनै पनि सम्बोधन नभएको कर्मचारीहरुले बताए ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

**निर्वाचन सम्पन्न भई जनप्रतिनिधिहरुबाट स्थानीय तह संचालन भएको डेढ वर्ष पुरा भईसक्दा पनि कतिपय स्थानीय तहमा दरवन्दी अनुसारको कर्मचारीहरु नहुँदा कार्यपालिकाको कार्यालयदेखि वडा कार्यालयसम्म प्रभावकारी सेवा प्रवाहमा समस्या भएको पाईयो । कर्मचारीको अभावले सेवा प्रभावमा समस्या हुन थालेपछि सेवाग्राहीहरु भने जनप्रतिनिधिप्रतिनै रुष्ट हुन थालेको पाईयो ।**

प्रदेश नं. १ कै पूर्व पाहाडि क्षेत्रमा पर्ने तेह्रथुमका दुई वटा नगरपालिका र चारवटा गाउँपालिकाको कुल ४३ वटा वडाहरुमध्ये १९ वटा वडाहरुमा वडा सचिव नहुँदा ती वडाका सेवाग्राहीहरु मार्कामा परेका छन् । वडा कार्यालयमा सचिव नहुँदा नागरिकता सिफारिस, जन्म, मृत्यु तथा बसाईसराई दर्ता, बृद्धभत्ता वितरण लगायत कार्यमा समस्या भएको पाईयो ।

इलामको माई नगरपालिकामा कर्मचारीको अभावले स्थानीयले सहज रुपमा सेवा पाउन सकेका छैनन् । नगरपालिकामा दरवन्दी अनुसारको कर्मचारी नहुँदा सेवामा असर परेको नगर प्रमुख दीपककुमार थेवेको भनाई थियो । कर्मचारीको अभावका कारण एउटै कर्मचारीले तीनतिर काम भ्याउनु पर्ने अवस्थाले कर्मचारीको व्यस्तता निकै बढेको उपप्रमुख बिष्णुमाया रिमालले बताईन् । सो नपामा प्रमुख प्रशासकीय अधिकृत नहुँदा लेखा अधिकृतले नै प्रशासकीय प्रमुखको पनि कार्यभार सम्हाल्नु परेको पाईयो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

कर्णाली प्रदेशका अधिकांश स्थानीय तहमा यस त्रैमासिक अवधिमा पनि कर्मचारीहरुको अभावले प्रभावकारी सेवा प्रवाह हुन नसकेको पाईयो । कर्मचारीको अभावले जनताका काम सहज रुपमा हुन नसकेको स्थानीय जनप्रतिनिधिहरुले गुनासो गरे । यस अवधिसम्ममा कर्णाली प्रदेशमा मात्रै एक हजार ४ सय २५ दरबन्दी रिक्त रहेको पाईयो । प्रदेशभरीमा २ हजार ३ सय ७८ जना कर्मचारीको दरवन्दी रहेकोमा यस अवधिको अन्तसम्ममा ९ सय ५३ कर्मचारी मात्र कार्यरत रहेको ०७५ असोज २९ प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

**प्रदेश नं. २ मा बिकास बजेटको ७० प्रतिशत रकम दूरुपयोग हुने गरेको धारणा प्रदेश सरकारकै एक मन्त्रीले सार्वजनिक कार्यक्रममा व्यक्त गरे । निर्वाचित जनप्रतिनिधिहरुमाथि भ्रष्टाचार र अनियमितताको आरोपहरु उठिरहेका वेला सरकारकै**

**मन्त्रीबाट यस किसिमको धारणा आउनुले बढदो भ्रष्टाचारको संकेतलाई थप बल पुरयाएको स्थानीयले आरोप लगाउने गरेको पाईयो ।**

प्रदेश २ मा विकास बजेट ७० प्रतिशत दुरुपयोग हुने गरेको एक मन्त्रीले धारणा सार्वजनिक गरेका छन् । प्रदेशमा स्रोतसाधन पर्याप्त भएर पनि भ्रष्टाचारकै कारण प्रगति हुन नसकेको आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्र यादवले धारणा व्यक्त गरेका हुन् । राष्ट्रिय योजना आयोगले जनकपुरमा आयोजना गरेको प्रदेशस्तरीय तीनदिने कार्यशाला गोष्ठी उद्घाटन सत्रमा मन्त्री यादवले विकासको मुख्य बाधक भ्रष्टाचार भएको बताए । दीगो र प्रभावकारी बिकासका लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारबीच समन्वय र सहकार्य भई योजना बनाए दोहोरो जोखिम नरहने बताउँदै योजना निर्माण र कार्यान्वयनमा प्रभावकारी अनुगमन तथा मूल्यांकन आवश्यक रहेकोमा उनले जोड दिए ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

**बिगतमा झै यस त्रैमासिक अवधिमा पनि अख्तियार दूरुपयोग अनुसन्धान आयोगले बिभिन्न निकायहरुमा भ्रष्टाचारको आरोपमा संलग्न व्यक्तिहरुलाई गिरफ्तार गरि कार्वाही प्रकृया अघि बढाउने कामलाई तिव्रता दिएको पाईयो ।**

प्रदेश २ को सिमरा उपमहानगरपालिका बारामा कार्यरत कम्प्यूटर सहायक राजनारायण साहलाई ०७५ पुष १७ गते सेवाग्राहीबाट घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले गिरफ्तार गऱ्यो । साहले नागरिकताको लागि सिफारिस बनाउन आएका सेवाग्राहीसंग एकहजार पाँचसय रुपैया घुस लिएको अवस्थामा गिरफ्तार गरिएको आयोगको क्षेत्रीय कार्यालय हेटौडाले जनायो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले गण्डकी प्रदेशका स्वास्थ्य निर्देशक डा. तारानाथ पौडेललाई ०७५ मंसीर १६ गते १ लाख घूससहित गिरफ्तार गऱ्यो । अहेवका उम्मेदवारलाई अन्तर्वार्तामा उत्तीर्ण गराइदिने सर्तमा बुद्धचोकमा रकम लिँदालिँदै अख्तियार टोलीले पक्राउ गरेको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको पोखरास्थित कार्यालयका सूचना अधिकारी रमेश ढकालका अनुसार पौडेल र अहेव उम्मेदवारबीच फोनमा रकम लेनदेनको कुराकानी भएको थियो । अहेवका उम्मेदवारले नै दिएको सूचनाका आधारमा पौडेललाई पक्राउ गरिएको हो । उनलाई हिरासतमा राखि कार्वाही अघि बढाईएको आयोगको कार्यालयले जनायो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)**

कर्णाली प्रदेशमा यस अवधीमा पनि भ्रष्टाचारका घटनाहरु भएको पाईयो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय सुर्खेतले जिल्ला कृषि विकास कार्यालय दैलेखका पूर्व-प्रमुख सहित १२ जनालाई कृषि औजार खरीदमा अनियमितता गरेको आरोपसहित विशेष अदालतमा मुद्दा दर्ता गरिएको ०७५ पुष ११ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ । त्यसैगरि सुर्खेतको पञ्चपुरी नपा-२ स्थित अस्थायी प्रहरी पोष्टबाट प्रहरी निरीक्षक सुशोभन श्रेष्ठ र जवान तिलक लामिछानेलाई १५ हजार रुपैया घुस लिएको आरोपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले नियन्त्रणमा लिएको पाईयो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

प्रदेश ३ को विभिन्न १५ वटा सरकारी कार्यालयहरुमा भएको एक सर्वेक्षणमा सेवा लिन पुगेका ७ सय १५ जना सेवाग्राहीमध्ये ५ सय ४ जना अर्थात् (७० प्रतिशत) कर्मचारीहरुले अनियमित रुपमा रुकम लिएरमात्र काम गरिदिएको बताए । प्रधानमन्त्रीले भ्रष्टाचार बिरुद्धको अभिव्यक्ति दिने गरिरहेता पनि भ्रष्टाचार रोकिएको छैन । एक सरकारी अध्ययनका अनुसार सबैभन्दा बढी घुस जनतालाई सेवाप्रवाह गर्ने निकायमा बढिरहेको सेवाग्राहीको भनाई थियो । काठमाडौंस्थित कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, चाबहिल, कलंकी, मनमैजु, डिल्लीबजार, ललितपुरका मालपोत कार्यालय, ताहाचलस्थित श्रम कार्यालय, जिल्ला अदालत काठमाडौं, ठूलो भऱ्याङ, गुर्जुधारा, एकान्तकुनाको यातायात व्यवस्था कार्यालय र यसका शाखाहरुमा सेवाग्राहीसँग सेवा लिदा घुस दिनु परेको वा नपरेको भनेर प्रश्न सोधिएको थियो । त्यसैगरी नेपाल वायु सेवा निगमले दुइवटा वाइड बडी खरीद गर्दा ४ अर्ब ३५ करोड भ्रष्टाचार भएको भनेर लेखा समितिले किटान गरेको पाईयो । यसैगरी अख्तियारले हालैका दिनमा विशेष अदालतमा मुद्दा दर्ता गर्ने क्रम बढेकोले पनि भ्रष्टाचारको श्रृंखला बढ्दै गएको देखिन्छ ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुटवल उपमहानगरपालिका-१३ का वडासचिव भरत काउचालाई ०७५ पुष ९ गते गिरफ्तार गऱ्यो । आरोपित वडा सचिवलाई पञ्जीकरण जन्म, मृत्यु, विवाह, सम्वन्ध विच्छेद र बसाइँ सराइ जस्ता व्यक्तिगत घटनाको दर्तामा समेत सेवाग्राहीसंग घुस लिएको आरोपमा गिरफ्तार गरिएको सो निकायद्वारा जनायो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

प्रदेश ५ स्थित ट्राफिक प्रहरी पोष्ट कपिलबस्तु पिपरामा कार्यरत प्रहरी जवान महेन्द्र भुसाल र मिना थापा गोरु तस्करसंग पैसा उठाएको आरोपमा ०७५ पुष १६ गते प्रकाउ परे। आरोपितहरुलाई प्रदेश प्रहरी कार्यालय दाङ तुल्सीपुरको टोलीले पक्राउ गरेको थियो। पछिल्लो समयमा कपिलबस्तुबाट भारतीय नम्वर प्लेटका गाडिहरु प्रयोग गरि गोरुको तस्करी गर्ने क्रम बढेको पाईयो।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

**प्रभावकारी र गुणस्तरीय शिक्षामा सरकारको जोड रहेता पनि शिक्षकको कुटाईबाट बिद्यार्थीको ज्यान जाने, बिद्यालयमा तालाबन्दी, आन्दोलन र हडताले पठन पाठन ठप्प, आर्थिक अनियमितता लगायत शिक्षा क्षेत्रमा केही बेतिथीहरु यस त्रैमासिक अवधिमा समेत देखिए। बेतिथीका यस्ता कार्यले शिक्षामा सुधारभन्दा बिकृती अझ बढेको भन्दै कतिपय स्थानीय क्षेत्रमा चिन्ता र चासोको बिषय समेत बनेको पाईयो।**

प्रदेश २ को कलैया उपमहानगरपालिका-१ स्थित नमुना निम्न माध्यमिक विद्यालयमा ७ कक्षामा अध्ययनरत पर्सा गाउँका १३ वर्षीय बालक अजयकुमार महतोलाई ०७५ पुष ११ गते बिद्यालयका शिक्षक सोनालाल यादवले मरणासन्न हुने गरि कुटपिट गरे। शिक्षकको कुटाईबाट गंभीर भएका बालक अजयलाई उपचारको लागि जिल्ला अस्पताल कलैयामा भर्ना गरिएको र उपचारकै क्रममा उनको मृत्यु भएको बालकका आफन्तले बताए। बिद्यालयमा शिक्षक यादवले बालकलाई बासको लठिले खुट्टादेखि घाँटीसम्म निर्घात रुपमा कुटपिट गरेका थिए। बालकको मृत्युपछि मृतकका अभिभावकले शिक्षकमाथि कार्वाहीको माँग गर्दै प्रहरी कार्यालयमा उजुरी दिए। शिक्षक भने फरार रहेको प्रहरीले जनायो।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

लामो समयदेखि तलब नपाएको भन्दै सिरहाको लहानस्थित पशुपति आदर्श उच्च माध्यमिक विद्यालय लहानका शिक्षकहरुले ०७५ असोज २१ गते विद्यालयमा तालाबन्दी गरे। दशैंको मुखमा समेत तलब नपाएको आरोपमा शिक्षकले विद्यालयको प्रशासन कोठा र प्रधानाध्यापकको कार्यकक्षमा तालाबन्दी गरेका थिए। नियमित पठनपाठन गर्दै आए पनि लामो समयदेखि तलव नपाएकोले विद्यालयमा तालाबन्दी गरिएको शिक्षक रामकुमार साहले जानकारी दिए।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

अस्थायी शिक्षकलाई विस्थापीत गर्न लागेको भन्दै नेपाल शिक्षक महासंघले आव्हान गरेको दुई दिने शैक्षिक हड्तालका कारण ०७५ पुष ११ गतेदेखि १३ गतेसम्म दुई दिन प्रदेश २ का सम्पूर्ण सरकारी विद्यालयको पठनपाठन ठप्प रह्यो। शैक्षिक हडतालको कारण ८ वटै जिल्लाका ४ सय २८ सामुदायिक विद्यालयको पठन पाठन ठप्प भएको थियो। विद्यालय ठप्प हुँदा एक लाख २५ हजारभन्दा वढी विद्यार्थीहरु पठन पाठनबाट बंचित भए। शैक्षिक हड्तालका कारण प्रदेश २ का सबै जिल्लाहरुमा विद्यालय बन्द भएको अस्थायी शिक्षक आन्दोलन परिचालन समितिका संयोजक सुरेशकुमार यादवले दावी गरे। शिक्षक सेवा आयोगको गत असार २९ र ३० गते सम्पन्न आन्तरिक परीक्षामा सामेल भएका मध्ये असफल शिक्षकहरुलाई पनि विस्थापित गर्न नहुने जनाउँदै आन्दोलन गरिएको संयोजक यादवले बताए।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

जनकपुर उप-महानगरपालिकाले सडक विस्तारको नाममा वडा नं २१ मा रहेको राजर्षी माध्यमिक विद्यालयको छ वटा कक्षा कोठा तथा पर्खाल भत्काएपछि सोको विरोधमा बिद्यालयका शिक्षक र विद्यार्थीले ०७५ कार्तिक ७ गते सकडमै डेस्कबेञ्च राखेर पठनपाठन गरे। सडक विस्तारका नाममा डोजर लगाई विद्यालयको कक्षाकोठा र पर्खाल भत्काएपछि करीब ६ सय विद्यार्थीको पठनपाठन प्रभावित भएको बिद्यालयका प्रधानाध्यापक वीरेन्द्रप्रसाद यादवले जानकारी दिए। स्थानीय चेतनारायण साहले सडकमै रहेको वडा कार्यालय जोगाउन विद्यालय भवन भत्काएर विद्यार्थीको भविष्यसँग खेलबाड गरेको बताए।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

ललितपुरको वाग्मती गाउँपालिकास्थित श्री कालीदेवी माध्यमिक विद्यालयका शिक्षक बज्रकिशोर साहले विद्यार्थीलाई गृहकार्य नगरेको भनेर ०७५ मंसीर १९ गते चरम यातना दिएपछि विद्यार्थीहरु त्रसित भई विद्यालय जान छोडेको स्थानीय अभिभावकहरुको गुनासो रह्यो। शिक्षक साहले गृहकार्य नगरेको भन्दै १२ वर्षीय विद्यार्थी दर्शन गौतमलाई यातना दिएपछि गौतम विद्यालय जान छाडेका र उनका सहयात्री अन्य बिद्यार्थीहरुमा पनि मानसिक रुपमा नकारात्मक असर परेको पाईयो। शिक्षक साहले यसअघि पनि बालबालिकाहरुलाई मानसिक र शारीरिक असर पर्ने गरि कुटपिट र यातना दिने गरेको स्थानीय अभिभावकहरुले गुनासो गरे।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)

गण्डकी प्रदेशको दुर्गम पहाडी बुलिङ्गटार गाउँपालिकाको बालमन्दिर प्राथमिक विद्यालयका प्रधानाध्यापक निरोज बस्ताकोटीलाई ०७५ मंसीर ९ गते मादक पदार्थ सेवन गरेर विद्यालय गएको आरोपमा निजलाई बर्खास्त गरिएको पाईयो। नियमित रक्सी सेवन गरेर विद्यालय जाने गरेका कारण उनलाई पदबाट बर्खास्त गरेको शिक्षा विकास तथा समन्वय इकाईका जिल्ला प्रमुख

कृष्णचन्द्र पोखरेलले बताए । पदीय आचरण विपरीत कार्य गरेको भन्दै उनीसँग स्पष्टिकरण लिदा पनि चित्तबुझ्दो जवाफ नदिएकोले बर्खास्त गर्नुपरेको प्रमुख पोखरेलको भनाई थियो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन-गण्डकी प्रदेश)**

निजी श्रोतबाट व्यहोर्ने गरी विद्यालयले भर्ना गरेका शिक्षकले तलब नपाएपछि मुसिकोट नपा-१४ स्थित जनजागृति आधारभूत विद्यालय घोयलीडाँडाका शिक्षकले ०७५ असोज २० गतेदेखि विद्यालयमा तालाबन्दी गरे । तालाबन्दीका कारण विद्यालयमा अध्ययनरत करिब १ सय विद्यार्थीको पठनपाठन प्रभावित भएको छ । शिक्षिका पवित्रा विष्टका अनुसार विद्यालयमा कार्यरत चारजना शिक्षकले एक वर्षदेखिको तलब सुविधा पाएका छैनन् । विद्यालय व्यवस्थापन समितिका अध्यक्ष हर्कबहादुर विष्टले विद्यालयमा रकम नभएका कारण शिक्षकलाई तलब दिन नसकिएको बताउँदै समस्या समाधानका लागि छलफल भइरहेको प्रतिक्रिया दिए ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

स्थायित्वको माँग सहित आन्दोलनरत नेपाल शिक्षक महासंघले ०७५ मंसीर ८ गते प्रदेश नं. ५ को सामाजिक विकास मन्त्रालय घेराउ गरे। विभिन्न २६ सुत्रीय माँगप्रति सरकारको ध्यानकर्षण नभएको जनाउँदै घेराउ कार्य गरिएको महासंघले जनायो । स्थानीय तहमा आफूखुशी ऐन तथा कानुन बनाउने र लागू गर्न खोज्ने कार्यलाई रोक्नु पर्ने, कम्तीमा दश वर्ष एउटै तह र श्रेणीमा कार्यरत शिक्षकहरूलाई सामुहिक पदोन्नतिको व्यवस्था गरिनुपर्ने लगायतका माँग राखि आन्दोलन गरिएको महासंघद्वारा जारी बिज्ञप्तीमा उल्लेख छ ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

## २ - सामाजिक एकता/ तनाव

**बलात्कार गरि हत्या गरिएका निर्मला पन्तको घटनाका दोषीलाई कडा कार्वाही गर्न बिगतको त्रैमासिक अवधिमा देशैभरी आवाज उठेकोमा निर्मलाप्रतिको न्यायको आवाजले यस त्रैमासिक अवधिमा पनि निरन्तरता पायो। केही ठाउँमा बिरोध प्रदर्शनहरु भए भने केही ठाउँमा प्रहरीसंग झडपका घटनाहरु समेत हुन पुगे। यधपी उक्त घटनाका दोषी यस अवधिमा पनि सार्वजनिक हुन सकेन।**

करीब ६ महिना बितिसक्दा पनि निर्मला हत्याकाण्डका अपराधी पत्ता लागेको छैन । प्रहरीले विभिन्न व्यक्तिलाई अपराधी हो भनी पक्राउ गर्ने तर प्रमाण नजुट्ने क्रम यस त्रैमासिक अवधिको अन्त्यसम्म पनि जारी नै रह्यो । संसद्, सडक सबैतिरबाट निरन्तर दबाब भैरहे पनि सरकारी अनुसन्धान जहाँको त्यही छ। बलत्कारको प्रमाण नष्ट गर्नमा प्रहरी नै संलग्न रहेको जनाउँदै कारबाही गर्न सर्वत्र माँग भएपनि प्रमाण नष्ट गर्ने को हुन् भन्ने कुरामा केन्द्रित भएर अझै अनुसन्धान भएको छैन । प्रमाण नष्ट गर्दा पनि कारवाही नहुनुले प्रहरी, प्रशासन प्रतिनै बिश्वास घटेर जाने सम्भावना बढदो रुपमा देखिन्छ ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)**

कञ्चनपुरकी १३ वर्षीया किशोरी निर्मला पन्तको न्यायको लागि दाङमा ०७५ मंसीर १८ गते स्थानीयले प्रदर्शन गरिरहेको बेला प्रहरीले हस्तक्षेप गरि पाँच जनालाई गिरफ्तार गर्‍यो । पन्तका हत्यारा पत्ता लगाई कारबाहीको माँगसहित निर्मलाको पोष्टर लिएर हिँडेकाहरुमध्ये पाँच जनालाई गिरफ्तार गरेको स्थानीयको आरोप थियो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

त्यसैगरि बलात्कारपछि हत्या गरिएकी बालिका निर्मला पन्तको हत्यारा पत्ता लगाउन माँग गर्दै सुर्खेतमा ०७५ मंसीर १७ गते स्थानीयले प्रदर्शन गरे ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

**बिगतमा झै लैंगिकतामा आधारित हिंसाका घटनाहरु, जस्तै बलात्कार, यौनजन्य दुर्व्यवहार, कथित बोक्सीको आरोपमा अमानवीय कार्य, घरेलु हिंसा लगायत घर झगडामा कुटपीट गरि हत्या गरिने जस्ता जघन्य अपराध, यस त्रैमासिक अवधिमा पनि भए। हिंसामा ५ वर्षीया बालिकादेखि ६८ वर्षीया बृद्धासम्म पीडित भएको पाईयो ।** *(बलात्कार र बलात्कारको प्रयास सम्बन्धी घटना विवरणमा पीडितको नाम र ठेगानालाई संवेदनशीलताको हिसावले गोप्य राखिएको छ ।)*

### बलात्कार

१५ वर्षीया एक बालिकालाई बलात्कार गरेको आरोपमा प्रहरीले फुङलिङ नपा-९ हाङदेवाका २० वर्षीय अमृत बिकलाई मंसीर ९ गते गिरफ्तार गऱ्यो । जिल्ला प्रहरी कार्यालयमा सो दिन पीडित र पीडक दुवै पक्ष छलफलका लागि पुगेका बेला प्रहरीले आरोपितलाई गिरफ्तार गरेको इन्स्पेक्टर लक्ष्मणबहादुर थापाले बताए । आरोपितले मंसीर ८ गते बलात्कार गरेको पीडित बालिकाले बताईन् । पीडित बालिकाको स्वास्थ्य परीक्षण ९ गते जिल्ला अस्पतालमा भएको थियो ।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

९ वर्षीया एक बालिकालाई यौन दुर्व्यवहार गरेको आरोपमा प्रहरीले रौतामाई गाउँपालिका-३ रसुवासालघारीका २८ वर्षीय डम्बरबहादुर राईलाई ०७५ कार्तिक ६ गते गिरफ्तार गऱ्यो । पीडित बालिकालाई आरोपितले कार्तिक ३ गते यौन दुर्व्यवहार गरेको आरोपमा पीडित पक्षले ६ गते जिल्ला प्रहरी कार्यलयमा उजुरी दिएपछि आरोपितलाई गिरफ्तार गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक चन्द्रदेव राईले बताए । पीडित बालिकाको स्वास्थ्य परीक्षण कार्तिक ६ गते जिल्ला अस्पताल बोक्सेमा गरिएको सो अस्पतालले जनायो ।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)

२९ वर्षीया महिलालाई बलात्कार गरेको आरोपमा कञ्चनरूप नपा-५ पिप्रापूर्वका ३५ वर्षीय अब्दुल मियाँ विरूद्ध इलाका प्रहरी कार्यालय कञ्चनरूपमा उजुरी दिएको पाँचदिन पछिमात्र ०७५ कार्तिक १६ गते दर्ता गरिएको पीडित पक्षले जनाए । पीडित महिलालाई कञ्चनरूप नपा-५ स्थित बाटोमा कात्तिक ७ गते अपरान्ह आरोपितले अपहरणशैलीमा एकान्तमा लगि बलात्कार गरेको भन्दै पीडितले कात्तिक १२ गते उजुरी दिएकी थिइन् । पीडित महिलाको स्वास्थ्य परीक्षण राजविराज नपा-४ स्थित गजेन्द्रनारायण सिंह सगरमाथा अञ्चल अस्पतालमा सोही दिन गरिएको थियो । आरोपित भने पक्राउ पर्न नसकेको प्रहरीले जनायो ।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

२६ वर्षीया महिलालाई सामूहिक बलात्कार गरेको आरोपमा फरार रहेका आरोपित सुखिपुर नपा-२ का ३५ वर्षीय मोहमद इसराफुल मियालाई इलाका प्रहरी कार्यालय महेशपुर पतारीले ०७५ कात्तिक ३० गते गिरफ्तार गऱ्यो । पीडित परिवारका अनुसार आरोपित मियालगायत चार जनाले कात्तिक २७ गते राति सामूहिक बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय महेशपुर पतारीमा पीडित पक्षले कात्तिक २९ गते उजुरी दिएका थिए । पीडित महिलाको स्वास्थ्य परीक्षण धरान स्थित विपी मेमोरियल विज्ञान प्रतिष्ठानमा कात्तिक २९ गते नै भएको थियो । इलाका प्रहरी कार्यालय महेशपुर पतारीका प्रहरी निरीक्षक विभुषण यादवले घटनाको जानकारी हुनासाथ एक जनालाई कात्तिक २९ गते र अर्का आरोपितलाई कात्तिक ३० गते गिरफ्तार गरी आवश्यक कारवाही प्रक्रिया अगाडि बढाइएको बताए । अन्य दुई जना आरोपित सोही ठाउँका ४० वर्षीय सलामत मिया र ४१ वर्षीय जाकिर मिया फरार रहेको प्रहरीले जनायो ।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)

रुपन्देहीको देबदह नगरपालिकामा ०७५ असोज २३ गते बेलुका ८ बजे १६ वर्षीया किशोरीको सामुहिक बलात्कार भयो । बुटवलमा चलिरहेको मेला घुमेपछि चिनेका व्यक्तिहरुसंगै मोटरसाईकलमा घर फर्कन लाग्दा नजिकै रहेको शिबनगर जंगलमा पुऱ्याएर सामुहिक बलात्कार गरेको पीडित किशोरीले जनाईन् । प्रहरीले आरोपितहरुमध्ये दुई जनालाई गिरफ्तार गरेको जनायो । घटनामासंलग्न अन्यको पनि खोजवीन भईरहेको इलाका प्रहरी कार्यालय बुटवलका प्रहरी नायब उपरीक्षक डिलबहादुर मल्लले बताए ।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

महिला हिंसा बिरुद्धको १६ दिने अभियान चलिरहेका बेला रूपन्देहीमा ५ वर्षीया बालिका सामूहिक रुपमा बलात्कृत भईन् । देवदह नपाकी बालिकामाथि ०७५ मंसिर १४ गते सामूहिक बलात्कार भएको थियो । बलात्कारको आरोपमा ६ जना स्थानीय युवालाई गिरफ्तार गरेको प्रहरीले जनायो ।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

प्यूठानमा ५५ वर्षीया माहिलालाई बलात्कार गरेको आरोपमा प्रहरीले मल्लरानी गाँउपालिका-४ का २२ वर्षीय शम्भु नेपाली र सोही ठाँउका २६ वर्षीय छविलाल घर्तीलाई ०७५ पुस २ गते गिरफ्तार गऱ्यो । पीडित महिलालाई आरोपितद्वयले पुस १ गते बलात्कार गरेको भन्दै पीडित पक्षले पुस २ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । पीडितको उजुरीका आधारमा आरोपितलाई गिरफ्तार गरि अनुसन्धान भईरहेको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक निर्मल बुढाथाकीले बताए ।

(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)

२४ वर्षीया एक महिलालाई बलात्कार गरेको आरोपमा कैलारी गाउँपालिका-७ का ५२ वर्षीय बिरु कामीलाई प्रहरीले २३ वर्षपछि ०७५ पुष २४ गते गिरफ्तार गऱ्यो । आरोपितले ०५३ फागुन २१ गते बलात्कार गरि फरार रहेका थिए । आरोपितलाई जिल्ला अदालतले २ वर्ष ५ महिना १९ दिन कैद भुक्तान गर्नुपर्ने फैसला सुनाएकोमा गिरफ्तार भएको मितिले सो अवधिसम्म कैदमा बस्नुपर्ने प्रहरीले जनायो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन-सुदुर पश्चिम प्रदेश )**

१३ वर्षीया बालिकालाई बलात्कार गरेको आरोपमा आदर्श माध्यमिक विद्यालय जोशीपुरका ३५ वर्षीय शिक्षक नारायण चौधरीलाई ०७५ मंसीर २१ गते प्रहरीले गिरफ्तार गऱ्यो । पीडित बालिकालाई मंसीर १८ गते पिकनिकबाट फर्किने क्रममा बलात्कार गरेको जनाउँदै पीडित पक्षले मंसीर २० गते उजुरी दिएपछि आरापित गिरफ्तारीमा परेका थिए । पीडितको मंसीर २१ गते सेती अस्पतालमा स्वास्थ्य परीक्षण गरिएको प्रहरीले जनायो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन-सुदुर पश्चिम प्रदेश )**

### हत्या/ हत्याको प्रयास

कपिलवस्तु जिल्लास्थित शिवराज नपा-१ की ३५ वर्षीया सुमित्रा परियारलाई ४० वर्षीय पति बसन्त परियारले ०७५ कात्तिक ११ गते बन्चरोले प्रहार गरी हत्या गरेको वडा प्रहरी कार्यालय चन्द्रौटाले जनायो । राती दुवैवीच घरायसी बिबादको क्रममा आरोपितले सुमित्रालाई बन्चरो प्रहार गरी हत्या गरेको प्रारम्भिक अनुसन्धानमा पाईएको प्रहरीले जनायो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

दाङको घोराही उपमनपा-१२ गुर्जेकी ३७ वर्षीय चम्पी नेपालीलाई कुटपिट गरी हत्या गरेको आरोपमा प्रहरीले ०७५ कात्तिक ७ गते ४१ वर्षीय पति रामबहादुर नेपालीलाई गिरफ्तार गऱ्यो । पीडित पक्षले आरोपित विरूद्ध कात्तिक ७ गते जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका थिए । मादक पदार्थ सेवन गरेका आरोपितले घरयासी विवादमा कात्तिक ४ गते कुटपिट गरेका थिए ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

बैतडी जिललाको पुचौडी नपा-१० की ४२ वर्षीया भुरी बिष्टको हत्याको आरोपमा पक्राउ परेका ५३ वर्षीय पति जनकसिंह बिष्टलाई जिल्ला अदालत बैतडीले ०७५ पुष २५ गते जन्मकैदको फैसला सुनायो । आरोपित बिष्टले पत्नी भुरीको साउन १० गते हत्या गरेको प्रहरीले जनायो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन-सुदुर पश्चिम प्रदेश )**

### बोक्सीको आरोपमा अमानवीय कार्य

सिरहाको विष्णुपुर गाउँपालिका-३ की ५१ वर्षीया पारुल माली, सोही ठाउँकी ३३ वर्षीया अनुरागीदेवी माली र ३३ वर्षीया सुनीतादेवी मालिनलाई कथित बोक्सीको आरोपमा अमानवीय व्यवहार गरेको आरोपमा प्रहरीले सोही ठाउँका ४५ वर्षीय सियाराम यादवलाई ०७५ असोज १७ गते गिरफ्तार गऱ्यो । पीडितहरू पारुल र अनुरागीदेवीले दिएको उजुरीमा जिल्ला सरकारी वकिल कार्यालयले असोज १ गते आवश्यक कारवाहीका लागि पत्र पठाएपछि जिल्ला प्रहरी कार्यालयले असोज ११ गते दर्ता गरेको थियो । आरोपितहरुले जग्गा सम्बन्धी बिबादका कारण झैझगडा भएको जनाउँदै बोक्सीको आरोप भने नरहेको बताए ।

धनुषाको धनौजी गाउँपालिका-२ की ३८ वर्षीया मन्तोरियादेवी मण्डललाई कथित पञ्चहरूले बोक्सी भन्दै कुटपिट गरेका छन् । मन्तोरियालाई जेठाजु ईन्दल मण्डल खत्वेले कथित बोक्सीको आरोप लगाएका थिए । उनलाई बोक्सी स्वीकार गर्न स्थानीय पञ्चहरूलाई ५० हजार र भोज गर्न ५० हजार गरी १ लाख जरिवाना तोकिएको थियो । गाउँमा ०७५ कात्तिक ९ गते बसेको पञ्चायतमा मन्तोरियाले जरिबाना दिन अस्वीकार गरेपछि उनीमाथि कुटपिट भएको पीडितले बताईन् । उनका अनुसार जेठाजु ईन्दलले जबरजस्ती बोक्सी स्वीकार गराउन आफूमाथि जाइलागेका र जातीय पञ्चहरूलाई बोलाई कुटपिट गर्दै बोक्सी रहेको जर्वजस्ती स्वीकार गराएका थिए । पञ्चायतमा खत्वे समाजका स्थानीय माइजन (प्रमुख) फुलगेन मण्डल, दुखी मण्डल, वीरेन्द्र मण्डलसहित जेठाजु ईन्दलले लछारपछार गर्दै कुटपिट गरेको दुखेसो पीडित महिलाले कात्तिक १८ गते प्रदेश २ का आन्तरिक मामिला तथा कानुनमन्त्री ज्ञानेन्द्रकुमार यादवसमक्ष पोखिन् । आफूमाथि कुटपिट गर्ने व्यक्तिलाई कारबाही र न्यायको माग गर्दै मन्तोरियाले जिल्ला प्रहरी कार्यालय धनुषा अन्तर्गत रहेको महिला तथा बालबालिका सेवा केन्द्रमा कात्तिक १६ गते उजुरी दर्ता गराईन् । आन्तरिक मामिला तथा कानुन मन्त्री यादवले न्याय दिलाउन मन्तोरियालाई आश्वासन दिए पनि यस अवधिको अन्तसम्म आरोपितहरुमाथि कार्वाही हुन सकेन ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. २)**

५२ वर्षीया दुई महिलालाई कथित बोक्सी भनि दुर्व्यवहार गरेको आरोपमा प्रहरीले तिलोत्तमा नपा-४ घरभई सोही नपा-५ मा कार्यरत वडा सचिव ५४ वर्षीय टीकाराम आचार्य, उनकी पत्नी ४८ वर्षीया कमला आचार्य र छोरी २३ वर्षीया प्रतिज्ञा आचार्यलाई ०७५ कात्तिक २६ गते गिरफ्तार गर्‍यो । पीडितका अनुसार कार्तिक २५ गते टीकारामले घरमा बोलाएको र आमा छोरीले बोक्सी लगाई बिरामी पारेको भन्दै दुर्व्यवहार गरेका थिए ।

४० वर्षीया महिलालाई कथित बोक्सीको आरोप लगाई दुर्व्यवहार गरेको आरोपमा प्रहरीले सैनामैना नपा-१ का ६५ वर्षीय खेतु मल्लाह र सोही ठाउँका ४५ वर्षीय प्रकाश मल्लाहलाई ०७५ मङ्सिर २ गते गिरफ्तार गरेको छ। पीडित महिलालाई आरोपित द्वयले 'बोक्सी' लगाएकोले परिवारमा कहिल्यै राम्रो नहुने भो भन्दै अमानवीय व्यवहार गरेको जनाउँदै पीडित महिलाले मङ्सिर ३ गते इलाका प्रहरी कार्यालय बुटवलमा उजुरी दिएको इलाका प्रहरी कार्यालयका प्रहरी नायव उपरीक्षक डिलबहादुर मल्लले बताए ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ५)**

### सम्बन्ध बिच्छेद

यस समीक्षा अवधीमा कर्णाली प्रदेशमा सम्बन्ध विच्छेदका घटना भएको सार्वजनिक जानकारीमा आयो । सल्यान जिल्ला अदालतको तथ्याङ्क अनुसार पछिल्लो ४ महिनामा ६५ जनाले सम्बन्ध विच्छेदको लागि अदालतमा उजुरी दिए। जसमध्ये ३५ महिला र ३० पुरुष रहेको ०७५ पुष ६ गते प्रकाशित साझा बिसौनी दैनिकमा उल्लेख छ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- कर्णाली प्रदेश)**

**यस अवधिमा प्रदेश नं. ५ का केही ठाउँमा बलात्कार र यौनजन्य दुर्व्यवहारका घटनामा पीडित पक्षलाई जर्वजस्ती मिलापत्र गराउन राजनीतिक दल रस्थानीय जनप्रतिनिधिहरुले समेत दवाव दिएको सार्वजनिक जानकारीमा आयो ।**

कपिलवस्तु जिल्लामा एक युवतीलाई ०७५ असोज १७ गते साँझ आफ्नै घर अगाडि धारामा भाँडा माझिरहेको बेला स्थानीय रहेमान र जयफुल्ला गदीले जर्वजस्ती तानी खेतमा लगेर बलात्कार गरेको आरोपमा पीडित पक्षले आरोपितहरुमाथि कार्वाहीको माँग गरे। घटनापश्चात राजनीति दलका प्रतिनिधि र जनप्रतिनिधि लगायत आरोपितका पक्षधरहरुले पीडित युवतीलाई खेत र नगदको प्रलोभन देखाउँदै मिलापत्रका लागि बारम्बार दबाब र धम्की दिएको पीडित पक्षले जनाए । धम्की र दबाब थेग्न नसकेपछि पीडित युवती गाउँ छाडेर परिवारसहित सदरमुकाम आई असोज २४ गते पत्रकार सम्मेलन समेत गरिन्। आरोपीका काकाले २ बिघा खेत र ५ लाख नगद दिने प्रस्ताव गरेर मिलापत्रका लागि दबाब दिएको पीडितकी आमाले बताइन्।

**यस त्रैमासिक अवधिमा प्रदेश नं. २ मा लैंगिकतामा आधारित हिंसा रोक्न 'हेल्लो एप्स' सार्वजनिक गरियो । प्रदेश प्रहरी कार्यालयको आयोजनामा गरिएको उक्त कार्यक्रममा प्रदेश प्रमुखबाटै एप्सको उद्घाटन गरिएको थियो। त्यसैगरि सुदुर पश्चिम प्रदेशको बाजुरा जिल्लास्थित बुढीनन्दा नपामा छाउपडि प्रथा हटाउन छाउपडि गोठ भत्काउने कार्यको नेतृत्व स्थानीय सरकारले नै गरेको पाईयो। यस अवधिको यी दुवै कार्यलाई स्थानीयले सकारात्मक रुपमा लिए।**

प्रदेश नं. २ मा अपराध न्यूनीकरण गर्न भन्दै 'हेल्लो सिएम' एप्स प्रयोगमा ल्याएको पाईयो। पछिल्लो समय समाजमा बलात्कार र महिलामाथि हुने आपराधिक घटनामा वृद्धि भइरहँदा प्रदेश सरकारले ०७५ कार्तिक ११ गते उक्त एप्स सार्वजनिक गरिएको थियो। प्रदेश प्रहरी कार्यालयको आयोजनामा जनकपुरमा भएको 'समुदाय प्रहरी साझेदारी' कार्यक्रमको उद्घाटन गर्दै मुख्यमन्त्री लालबाबु राउतले 'हेल्लो सि.एम.' नामबाट एप्स समेत सार्वजनिक गरेका थिए । कार्यक्रममा मुख्यमन्त्री राउतले महिला हिंसा सम्बन्धी घटनाहरुलाई न्यूनीकरण गर्न हेल्लो 'सि.एम. एप्स' ले प्रभावकारी भूमिका निर्वाह गर्नेमा जोड दिए। हेल्लो सि.एम. एप्स मार्फत भएका घटना सिँधै नजिकको प्रहरी कार्यालयमा जानकारी गराउन सकिने कार्यक्रममा जानकारी गराईएको थियो।

**(१५ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)**

यस अवधिमा सूदुर पश्चिम प्रदेशको बाजुरा जिल्लास्थित बुढिनन्दा नपाभित्रका सवै छाउगोठ हटाउन नगरपालिकाले १० वटै वडालाई निर्देश गरेको पाईयो। सो नपा-९ स्थित अगाउपानीमा ०७५ पुष २४ गते एक छाउगोठमा आगलागी हुँदा गोठभित्र रहेकी ३५ वर्षीया अम्बा बोहोरासहित दुई बालकहरुको निसास्सिएर मृत्यु भएपछि नगर कार्यपालिकाको बैठकले सवै वडाबाट छाउगोठ हटाउने निर्णय गरेको थियो ।

**(१५ औं त्रैमासिक प्रतिवेदन-सुदुर पश्चिम प्रदेश)**

## ३ - राजनीतिक तनाव/ परिचालन

**संघीय सरकारले नीति तथा कानुन निर्माणको काममा गति लिन नसक्दा प्रदेश र स्थानीय तहको काम कारवाहीमा समेत प्रभाव परेको गुनासो बढन थालेको पाईयो। नीति र कानुनी स्पष्टताले बजेट बाँडफँड, राजस्व बाँडफाँड, कर्मचारी व्यवस्थापन जस्ता बिषयमा अझै अन्योलता कायम रहेको प्रदेश नं. ४ का मुख्यमन्त्री पृथ्वी सुव्वा गुरुङले बताए ।**

संघीय सरकारको अलमलले प्रदेश सरकारले गति लिन नसकेको गण्डकी प्रदेशका मुख्यमन्त्री पृथ्वीसुब्बा गुरुङले बताए । मुख्यमन्त्री गुरुङले 'संघीय सरकार संविधानको भावनाविपरीत हिँडिरहेको र नीतिनियम बनाउनेदेखि बजेट बाँडफाँड, राजस्व बाँडफाँड, कर्मचारी व्यवस्थापनमा संघीय सरकार अलमलमा पऱ्यो,' लमजुङ विद्युत् उपभोक्ता संस्थाको ०७५ मंसीर २२ गते आयोजित १९ औं साधारणसभालाई सम्बोधन गर्दै उनले भने, 'यसले गर्दा प्रदेश सरकारलाई निकै समस्या परेको छ।' प्रदेशलाई विनियोजन गरेको बजेटमा समेत 'कसैलाई काखा र कसैलाई पाखा' गरेको उनको आरोप थियो । प्रदेशका अप्ठ्यारा बारे संघीय सरकारलाई जानकारी गराउँदा समेत कुनै वास्ता नभएको उनको भनाई थियो।

(१५ औं त्रैमासिक प्रतिवेदन-गण्डकी प्रदेश )

**बिगतमा झै यस त्रैमासिक अवधिमा स्थानीय तहमा राजनीतिक तथा सीमा बिबादका समस्याहरु देखा परे । कर्णाली प्रदेश अन्तर्गत रुकुम पूर्वको सिस्ने गाउँपालिका र पश्चिमको मुसीकोट नगरपालिकावीचको सिमा बिबादले स्थानीय बिकासलाई समेत प्रभाव पारेको देखियो । कतिपय स्थानीय तहमा राजनीतिक खिचातानी र असहजताले राजनीतिक दलहरुवीचको दूरी पनि बढदो रुपमा रह्यो ।**

स्थानीय तहमा राजनीतिक तथा सीमा विवाद देखापरे । रुकुम पूर्वको सिस्ने गाउँपालिका र रुकुम पश्चिमको मुसीकोट नगरपालिकाबीच सीमाना विवाद भएको पाईयो । विवाद बढ्दा सीमा समाप्त र सीमा आरम्भ लेखिएका बोर्डसमेत फालाफाल भएका थिए । विवादित करीब ७ किमी जमीनमा दुबै सरकारको दाबी रहेको ०७५ असोज २७ गतेको साझा बिसौनी दैनिकमा उल्लेख छ ।

त्यसैगरी, दैलेखको भगवतीमाई गाउँपालिकामा स्थानीय सरकारले अनियमितता बढाएको तथा राजनीतिक पूर्वाग्रहका आधारमा काम गरिरहेको जनाउँदै नेपाली काँग्रेसका कार्यकर्ताहरुले कार्यालयमा तालाबन्दी गरेको ०७५ मंसीर ३ गतेको साझा बिसौनी दैनिकमा उल्लेख छ ।

(१५ औं त्रैमासिक प्रतिवेदन-कर्णाली प्रदेश)

सुदुरपश्चिम प्रदेशस्थित कैलालीका स्थानीय तहका निर्वाचित जनप्रतिनिधिहरुले कानुन बिपरीत स्वकीय सचिव तथा सहयोगीको सुविधा लिएकोमा पछिल्लो समयमा सुदूरपश्चिम प्रदेश अन्तर्गतका अन्य जिल्लाका जनप्रतिनिधिहरुले समेत सोही अनुरुपका सुविधा लिन थालेको पाईयो । सो प्रदेश अन्तर्गत ८ वटै जिल्लाका जनप्रतिनिधिहरुले कानुन बिपरीत स्वकीय सचिव, सहयोगी तथा प्रेस सल्लाहाकार नियुक्त गरे । यस्ता पदहरुमा अधिकांश आफ्ना नातागोताभित्रका व्यक्तिहरु र कतिपय ठाउँमा पार्टीका कार्यकर्ताहरुलाई राखिएको गुनासो स्थानीय तहमा देखियो ।

(१५ औं त्रैमासिक प्रतिवेदन-सुदुर पश्चिम प्रदेश)

**यस त्रैमासिक अवधिमा प्रदेश नं. ३ मा मुख्यमन्त्रीद्वारा आफ्नै क्याविनेटका मन्त्रीलाई बर्खास्त गरिएको घटनाले राजनीतिक क्षेत्रमा निकै चर्चा पायो ।**

प्रदेश नं ३ का मुख्यमन्त्री डोरमणि पौडेलले भौतिक पूर्वाधार विकास मन्त्री केशव स्थापितलाई ०७५ कार्तिक १६ गते पदबाट बर्खास्त गरे । क्याबिनेट मिटिङ्मा भनाभन भएको दुई दिनपछि स्थापितलाई मुख्यमन्त्री पौडेलले बर्खास्त गरेका थिए । पौडेलले स्थापितको कार्य प्रगति राम्रो नभएको बिषयमा क्याबिनेट बैठकमा प्रश्न उठाएका थिए । स्थापित महत्वपूर्ण तथा सबैभन्दा बढी बजेट भएको मन्त्रालयमा रहेका तर काममा शून्य प्रगति भएकोले उनलाई बर्खास्त गरिएको मुख्यमन्त्रीको सचिबालयले जनायो ।

(१५ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ३)

**बिगतमा झै यस त्रैमासिक अवधिमा प्रदेश नं. २ मा बिभिन्न राजनीतिक दलक भातृ संगठनवीच हिंसात्मक झडपका घटनाहरु भएको पाईयो । नेपाली कांग्रेस निकट नेपाल बिद्यार्थी संघको पर्सास्थित जिल्ला अधिवेशनका सन्दर्भमा र संघीय समाजवादी फोरमको बिद्यार्थी भातृ संगठनको राष्ट्रिय महाधिवेशनको बिषयमा भएको बिबादले सो हिसात्मक स्वरुप लिएको पाईयो ।**

प्रदेश २ को पर्सामा नेपाली कांग्रेसको भातृ संगठन नेपाल विधार्थी संघ (नेविसंघ) को जिल्ला अधिवेशनको बिषयलाई लिएर दुई समूहका कार्यकर्ताहरुवीच ०७५ पुष ११ गते आपसी विवादमा खुकुरी प्रहार भएको पाईयो । नेविसंघको पर्सा जिल्ला अधिवेशनको विवादलाई लिएर विभाजित बन्न पुगेका दुई समूहका कार्यकर्ताहरुबीच खुकुरी हानाहान भएको थियो । खुकुरी प्रहारबाट ठाकुरराम बहुमुखी क्याम्पसका नेविसंघ इकाइ उपाध्यक्ष समीर अन्सारी घाइते भएका थिए ।

प्रदेश २ को केन्द्र जनकपुरमा सत्तारुढ संघीय समाजवादी फोरम नेपालको भातृ संगठन संघीय समाजवादी विद्यार्थी फोरमको महाधिवेशनको पूर्वसन्ध्यामा स्थगित गरिएपछि आक्रोशित विद्यार्थीहरुले फोरमको केन्द्रिय कार्यालय, प्रदेश र जिल्ला कार्यालयहरुमा ०७५ असोज २१ गते तालाबन्दी गरे। एकताको राष्ट्रिय महाधिवेशन गर्ने तयारी पुरा भएको अवस्थामा असोज २० गते पार्टीका शीर्ष नेताहरुले महाधिवेशन स्थगन गर्न दवाव दिएपछि विद्यार्थीहरु आक्रोशित भएका थिए। उक्त मितिमा स्थगन भएको सो संगठनको महाधिवेशन यस त्रैमासिक अवधिको अन्तसम्म हुन सकेन।

**(१५ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)**

प्रदेश नं. ४ स्थित पोखरा बिश्वविद्यालयमा आन्दोलनमा उत्रिएका नेविसंघ निकट चार विद्यार्थीलाई ०७५ मंसीर २० गते प्रहरीले पक्राउ गरेपछि पोखरा विश्वविद्यालय तनावग्रस्त बन्न पुग्यो। आक्रोशित नेविसंघ निकट विद्यार्थीले स्ववियु सचिवको राजीनामा माग्दै सो दिन दिउँसो उपकुलपति र स्ववियु अध्यक्षको कुर्सी जलाएका थिए। सोही क्रममा नेविसंघका विष्णु सुवेदी, फिरोज सुवेदी, विकास रानाभाट र दीपेन्द्र गौतमलाई प्रहरीले नियन्त्रणमा लिएको थियो। गिरफ्तारपछि विद्यार्थी र प्रहरीबीच हात हालाहाल भई स्थिति तनावग्रस्त बन्न पुगेको थियो। सैद्धान्तिक परीक्षा सकिएपछि स्ववियु पदाधिकारी स्ववियुबाट विधानतः पदमुक्त हुनुपर्ने माँग नेविसंघले उठाउँदै आएको थियो।

**(१५ औं त्रैमासिक प्रतिवेदन-गण्डकी प्रदेश)**

**अर्धभूमिगत भई राजनीतिक गतिबिधि गर्दै आएको नेत्रविक्रम चन्द (विप्लव) का कार्यकर्ताहरुलाई गिरफ्तार गर्ने सरकारको नीति अनुरुप बिगतमा झै यस अवधिमा पनि बिभिन्न स्थानहरुबाट सो संगठनका नेता र कार्यकर्ताहरु गिरफ्तार भए।**

गण्डकी प्रदेश अन्तर्गत गोरखा नपा-६ स्थित हरमटारी चौकबाट नेत्रविक्रम चन्द (विप्लव) नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीका गोरखा जिल्ला इन्चार्ज योगेन्द्र कुमाल सहित तीन कार्यकर्तालाई ०७५ मंसीर ३ गते प्रहरीले गिरफ्तार गऱ्यो । गिरफ्तार गरिएका कार्यकर्ताहरुमा सो पार्टीका विद्यार्थी संगठनका अध्यक्ष सुशान्त सुवेदी र जिल्ला सदस्य जीवन क्षेत्री रहेको सो संगठनले जनायो। गोरखा नपाको हरमटारी चोकमा पर्चा बाँडने र व्यानर लगाउने क्रममा उनीहरुलाई गिरफ्तार गरिएको प्रहरीले जनायो।

**(१५ औं त्रैमासिक प्रतिवेदन-सुदुर पश्चिम प्रदेश)**

**बिगतमा झै यस अवधिमा पनि राजनीतिक दलहरुवीचका झडपका घटनाहरु भए। सर्लाहीमा नेकपा र नेपाली कांग्रेसका कार्यकर्ताहरुवीचको झडपमा गोली लागी एकजनाको ज्यान गयो भने महोत्तरीको बर्दिवासमा अपरिचित समूहद्वारा नेकपाको कार्यालयमा आगजनी गरि क्षति पुरयाएको पाईयो। प्रदेश नं. ५ मा अपरिचित समूहद्वारा हत्याका घटना लगायत अपराधिक घटनाहरु समेत भए।**

सर्लाहीमा काँग्रेस र नेकपाका कार्यकर्ताबीचको ०७५ कार्तिक १३ गते भएको दोहोरो झडपका क्रममा चलाईएको गोली लागि कांग्रेस कार्यकर्ता ५० वर्षीय रामविलास महतोको घटनास्थलमै मृत्यु भयो। प्रहरीका अनुसार रामनगर गाउँपालिका-४ मा बिहान साढे ८ बजेतिर दुई पार्टीका कार्यकर्ताबीच झडप भएको र सो क्रममा गोली चले पनि कसले चलाएको भन्ने यकीन हुन नसकेको र घटनाको अनुसन्धान भईरहेको प्रहरीले जनायो। गोलीबाट घाईते भएका अन्य चारजना उपचारपछि घर फर्किए। घटनाको बिरोधमा नेपाली कांग्रेसका कार्यकर्ताहरुले बिरोध जनाउँदै प्रदर्शन समेत गरेका थिए।

प्रदेश नं २ स्थित बर्दिवास नपा-९ मा रहेको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को पार्टी कार्यालयमा ०७५ असोज ३१ गते राति अपरिचित व्यक्तिहरुले आगजनी गरे। इलाका प्रहरी कार्यालय बर्दिवासका अनुसार सुरजसिंह कुशवाहाको घरमा रहेको पार्टी कार्यालयमा अज्ञात पक्षले पेट्रोल छर्केर आगजनी गरेका थिए। आगजनीबाट करिव ५० हजार रकम बरावरको क्षति भएको पीडित पक्षले जनाए।

**(१५ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)**

कपिलवस्तुको शुद्धोधन गाउँपालिका-४ मोतिभारीमा युवा नेता दिपेन्द्र चौधरीको ०७५ मंसिर ७ गते **राति गोली हानी हत्या** भयो। मृतकको टाउकोमा ५ वटा गोली लागेको थियो। हत्याको बिरोधमा स्थानीयले मंसीर ८ गते दिनभर प्रदर्शन गर्नुका साथै हत्याको आरोपमा अजित पाण्डेको घर, सवारी साधन तथा पेट्रोल पम्पमा आगजनी तथा तोडफोड गरे। प्रदेश नम्बर ५ अन्तर्गत जिल्लाको निर्वाचन क्षेत्र नम्बर १ को ख बाट स्वतन्त्र उम्मेदवार समेत रहेका राजाबाबु भनिने ३५ बर्षे दिपेन्द्र चौधरीको हत्या कसले किन गरेको भन्ने खुल्न नसकेको प्रहरीले जनायो।

बर्दिया बढैयाताल गाउँपालिका-३ गोब्रेपुरुवाका ३५ वर्षीय मोहन खटिकको घरमा सुतिरहेका बेला कार्तिक १९ गते राति अज्ञात समूहले गोली हानी हत्या गरे। मृतक मोहनका नातेदार रामरोशन सोनकरका अनुसार राति एक बजे नकाबधारी पाँच जनाको समूहले नियन्त्रणमा लिएर बायाँतिर कोखमा गोली हानी खटिकको हत्या गरेका थिए।

**(१५ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)**

## ४ - श्रोत साधनमाथिको द्वन्द्व

**प्रदेश नं. ५ र कर्णाली प्रदेशका बिभिन्न ठाउँमा बिगतमा झै यस अवधिमा पनि स्थानीय खोला नालाबाट नियम बिपरीत अनियन्त्रित ढंगले बालुवा, गिट्टी, ढुङ्गा लगायतका नदीजन्य पदार्थहरु निकासीको क्रम भईनै रह्यो । नियम बिपरीत ढंगले नदीजन्य पदार्थको तस्करीमा बृद्धि भएको जनाउँदै स्थानीयले कार्वाहीको माँग गर्दा समेत स्थानीय तह र प्रहरी प्रशासनले मौनता दर्शाएको स्थानीयको आरोप रह्यो ।**

प्रदेश नं. ५ को नवलपरासीमा प्रहरीको मिलोमतोमा जिल्लास्थित गिट्टी र बालुवा खानीमा तस्करको मनोमानी बढेको पाईयो। चुरे क्षेत्रका खोला नालामा निकासी नखुलेको अवस्थामा अहिले जिल्लाभरिका तस्करको ध्यान खानीमा परेको हो। सुस्ता र प्रतापपुर गाउँपालिकामा फैलिएको अर्बौं मूल्य बराबरको गिट्टी खानीमा दैनिक दर्जनभन्दा बढी ट्र्याक्टर र ट्रकहरुबाट गिट्टी र बालुवा चोरी तस्करी हुने गरेको छ। इलाका प्रहरी कार्यालय बेलाटारीको मिलोमतोमा खानीबाट तस्करी हुने गरेको स्थानीय बताउँछन्।

त्यसैगरि कपिलवस्तु जिल्लामा स्थानीय तहले अनुगमनमा चासो नदिदा नदीजन्य पदार्थको दोहन र चोरी निकासी बढन थालेको छ। स्थानीय तहको गैर जिम्मेबारीका कारण पछिल्लो समय जिल्लाभर नदीजन्य पदार्थको खुल्लमखुल्ला चोरी बढेको हो। अनुगमन कार्य नै नहुनुलाई रहस्यमय रहेको जनाउँदै स्थानीयले बिरोध गर्दै आएका छन् ।

बुटवलस्थित तिनाउ खोलामा समेत पछिल्लो समयमा गिट्टी, बालुवा, ढुंगा रातीमा चोरी हुने गरेको छ। निकासी नै बन्द रहेको उक्त खोलामा दिउँसो सुनसान देखिने तर राती ११ बजेपछि भने बालुवा उत्खनन तथा चोरी तस्करी हुने गरेको पाईएको हो। राती ११ बजेपछि तिनाउमा बालुवा चोरी गर्नेको लाईन हुने गरेको र यस किसिमको अनियमित कार्य हुँदा समेत शसस्त्र प्रहरी समेत मौन रहनुलाई स्थानीयले रहस्यमय मान्दै आर्थिक चलखेलको आशंका गर्न थालेका छन् ।

(१५ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं.५)

कर्णाली प्रदेशस्थित सुर्खेतको बिभिन्न नदीबाट निकाल्ने ढुँगा, गिटी र वालुवाको अवैध ओसारपसार हुने गरेको पाईयो । यस्ता सामग्रीमा स्थानीय सरकारहरुले निश्चित कर लगाए पनि गैरकानुनी ढंगले तस्करी भईरहेको जिल्ला प्रहरी कार्यालय सुर्खेतले जनायो । सुर्खेतको भेरी, गिरीघाट तथा झुप्राबाट अबैध रुपमा बालुवा बोक्ने ५ ट्र्याक्टरलाई असोज २७ गते नियन्त्रणमा लिई कारवाहीका लागि नगरपालिकामा पठाएको प्रहरीले जनायो ।

(१५ औं त्रैमासिक प्रतिवेदन-कर्णाली प्रदेश)

**पाहाडि बिकट क्षेत्रमा पानीको समस्या त छदैछ, तर यस अवधिमा खानेपानी मूलको बिबादका कारण स्याङ्जाको अर्जुनचौपारी गाउँपालिकास्थित एक गाउँको सिङ्गो वस्तीमा पिउने पानीबाट बन्चित हुनुपर्दा गाउँका एकसय पचास परिवार प्रभावित भएको सार्वजनिक जानकारीमा आयो ।**

गण्डकी प्रदेशको स्याङ्जास्थित अर्जुनचौपारी गाउँपालिका-१, माझपाटामा खानेपानीको मुल विवादका कारण सिंगो बस्ती नै चार वर्षदेखि पानीविहीन भएका छन्। सो ठाउँका स्थानीय बासिन्दाले करिव ४० वर्षदेखि दैनिक प्रयोग गर्दै आएको खानेपानी आउन छाडेपछि बासिन्दालाई समस्या परेको हो। भीरकोट नगरपालिका, खिलुङमा रहेको मूलबाट बग्ने पानीको विषयलाई लिएर विवाद हुँदा खिलुङका स्थानीयले पानीमा रोक लगाएका हुन्। सोही मुलबाट पुस्तौं पुस्तादेखि प्रयोग गर्दै आएको पानी आउन छाडेपछि यहाँका एकसय ५० घरधुरी पानीको अभावमा दिनचर्या बिताउन बाध्य भएका छन्। गाग्रीमा बोकेर ल्याएको पानीमा दैनिकी बिताउनु परेको पुष ६ गते प्रकाशित कान्तिपुरमा उल्लेख छ ।

(१५ औं त्रैमासिक प्रतिवेदन-गण्डकी प्रदेश)

**स्थानीयस्तरमा हुने बिकास निर्माणको कार्यमा साझा सहमतिमा नपुग्दा हिंसात्मक झडपमा परिणत हुने उदाहरण प्रदेश नं. २ को बारा जिल्लास्थित पचरौता नपामा देखियो । नगरस्तरीय अस्पताल निर्माण गर्ने सन्दर्भमा साझा सहमति हुन नसकेपछिको बिबादले दुई पक्षवीच हिंसात्मक रुप लिदा केही व्यक्तिहरु गंभीर घाईते समेत हुन पुगको पाईयो ।**

प्रदेश नं. २ स्थित बाराको पचरौता नगरपालिकामा निर्माण गरिने नगरस्तरीय अस्पतालको बिषयलाई लिएर ०७५ कार्तिक ३ गते दुई पक्षबीच झडप हुँदा केही व्यक्ति घाईते भए । झडपमा परी घाईते भएका संघीय समाजवादी फोरमका स्थानीय कार्यकर्ता रमेश यादव र सुखारी प्रसाद यादव कलैया अस्पतालबाट उपचारपछि घर फर्किएका छन् । प्रहरीले स्थितीलाई नियन्त्रणमा लिन दर्जनौ पटक अश्रुग्याँस प्रहार गरेको जिल्ला प्रहरी कार्यालयले जनायो । फोरमका स्थानीय कार्यकर्ताले नगरस्तरीय अस्पताल बेल्दारीमा निर्माण गर्न माँग गर्दै नगर प्रमुख रमेश यादवलाई ज्ञापन पत्र बुझाउन पचरौता नगरपालिकाको

कार्यालयमा जाँदै गर्दा स्थानीय जलन्धर सिंह र प्रभु पटेल नेतृत्वको समूहले उनीहरुमाथि आक्रमण गरेपछि झडप भएको प्रहरीको जनायो ।

(१५ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. २)

## ५ - सङ्क्रमणकालीन न्याय / न्यायमाथिको पहूँच

**शसस्त्र द्वन्द्वमा ज्यान गुमाएका र बेपत्ता पारिका नागरिकको छानवीन लागि गठित सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका व्यक्तिहरुको छानवीन आयोगद्वारा पीडितहरुको सवाल पूर्ण रुपमा सम्बोधन हुन नसकेको जनाउँदै द्वन्द्व पीडितहरुले राजनीतिक नेतृत्वले गंभीर भई समाधानका लागि पहल गरिनुपर्नेमा जोड दिएको पाईयो ।**

द्वन्द्वपीडित परिवारले विद्यमान सत्यनिरुण तथा मेलमिलाप आयोग र वेपत्ता छानविन आयोगले द्वन्द्व पीडितहरुको सवाललाई सम्बोधन गर्न नसकेकोप्रति असन्तुष्टि व्यक्त गर्दै राजनीतिक नेतृत्व पीडितहरुको सवालमा अझै गंभीर हुन नसकेको आरोप लगाए । उनीहरुले द्वन्द्व पीडितहरुको सवालप्रति राजनीतिक नेतृत्वले समेत गंभीर भई निकास दिन समेत माँग गरे । राजधानीमा ०७५ कार्तिक २० गते आयोजित एक अन्तर्क्रिया कार्यक्रममा बोल्दै द्वन्द्व पीडितहरुको सञ्जालले संक्रमणकालीन न्यायका लागि नेताहरुले समेत गंभीर भई समाधानका लागि यथाशिघ्र पहल गर्नुपर्नेमा जोड दिए । उनीहरुले राजनीतिक नेतृत्वले अगाडि बढाएको सेना समायोजन सफल भएको हुँदा संक्रमणकालीन न्यायका लागि पनि पहल गरिनुपर्ने जनाउँदै दलहरुको ध्यानाकर्षण गराएका थिए ।

(१५ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ३)

प्रदेश नं. ५ को बर्दियामा भने सशस्त्र द्वन्द्वको क्रममा राज्य र तत्कालिन विद्रोही पक्षबाट बलर्पुवक बेपत्ता पारिएका व्यक्तिहरूको घटनाको सम्बन्धमा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगले ०७५ मङ्सिर २ गतेदेखि अनुसन्धान सुरू गरेको छ । सशस्त्र द्वन्द्वको क्रममा राज्य र तत्कालिन विद्रोही पक्षबाट बर्दिया जिल्लामा सबैभन्दा बढी बलर्पुवक बेपत्ता पारिएका व्यक्तिहरूको संख्या रहेको छ । स्थानीय शान्ति समिति बर्दियाको तथ्याङ्क अनुसार बर्दिया जिल्लामा सशस्त्र द्वन्द्वको समयमा राज्य र तत्कालिन विद्रोही पक्षबाट २ सय ६९ जना बेपत्ता पारिएका थिए ।

(१५ औं त्रैमासिक प्रतिवेदन-प्रदेश नं. ५)

**कतिपय स्थानीय तहहरुमा न्यायिक समितिले बिगतमा झै राजनीतिक असहमतिका कारण काम गर्न नसकिरहेको र कतिपयमा गठन हुने कुरामै देखिएको बिबादले अझै पूर्णता पाउन सकेको छैन । केही स्थानीय तह अन्तर्गतका न्यायिक समितिमा मेलमिलाप केन्द्र र इजलास नहुँदा नीतिसंगत रुपले काम गर्न नपाएको न्यायिक समितिका पदाधिकारीहरुले गुनासो गर्न थालेका छन् ।**

प्रदेश नं. ४ स्थित पर्वतको दरमुकाम कुश्मा नगरपालिकामा यस त्रैमासिक अवधिसम्म पनि न्यायिक समिति गठन हुन सकेको छैन। नेकपा र नेपाली कांग्रेसका पदाधिकारीबीच समितिका सदस्यका विषयमा सहमति जुट्न नसक्दा निर्वाचत भएको २० महिनासम्ममा पनि समिति गठन हुन नसकेको हो। 'संविधानले गरेको व्यवस्था हो, तर विवादले यहाँ समिति बन्न पाएन,' उपप्रमुख सीता काफ्ले लामिछानेले भनिन्, 'मुद्दाको छिनोफानो हुन्छ भनेर धेरैजना समस्या लिएर आउनुहुन्छ। निरास भएर फर्किनुपरेको देख्दा अप्ठ्यारो लाग्छ।' समितिका सदस्यमा को-को रहने भन्नेमा सहमति नजुट्दा गठन भएर काम गरिरहेको हुनुपर्ने अवस्थामा सुरु नै नभएको उनले बताईन् ।

(१५ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)

डडेल्धुरा जिल्लाका स्थानीय तहहरुमा मेलमिलाप केन्द्र र न्यायिक इजलास नहुँदा न्याय सम्पादनमा समस्या भएको पाईएको छ । डडेल्धुरामा दुईवटा नगरपालिका र पाँचवटा गाउँपालिका गरि सातवटा स्थानीय तह छन् । स्थानीय तहमा छुट्टै मेलमिलाप केन्द्र र इजलास नहुँदा अरु सेवाग्राही आउने जाने क्रममै बिबादका पक्षहरुवीच मेलमिलाप र न्यायिक सम्पादनको काम गरिनुपर्ने हुँदा समस्या हुने गरेको न्यायिक समितिका प्रतिनिधिहरु बताउँछन् । स्थानीय तहको आफ्नै भवन नभएको र भवन अभावले छुट्टै इजलास कक्ष बनाउन नसकेकै कारण बिबादका पक्षहरुको कामम पनि समस्या हुने गरेको परशुराम नगरपालिकाकी उपमेयर कलावती बोहराले बताईन् ।

(१५ औं त्रैमासिक प्रतिवेदन- सुदुरपश्चिम प्रदेश)

## ६ - प्राकृतिक प्रकोप पछिको राहत/ सहयोग वितरण र स्वास्थ्य लाभ सम्बन्धी चुनौती/ द्वन्द्व

**भूकम्प पीडितहरुले महाभूकम्पको चार वर्ष बित्न लाग्दा समेत राहतको सबै रकम अझै पाउन नसकेको गुनासो गरे । निकायबाट राहत नपाएका कारण निर्माणाधीन घर पूर्ण हुन नसक्दा अझै पनि चिसो र बर्षामा समस्या व्यहोर्नु पर्ने अवस्था कायमै रहेको**

**पीडितहरुले बताए । भूकम्प प्रभावित कतिपय ठाउँमा दातावाट निर्माण भएका घरहरु चरम लापरवाहीका कारण मापदण्ड अनुसार हुन नसकेको पाईयो ।**

ओखलढुङ्गाका भूकम्प पीडितले व्यक्तिगत आवास अनुदानको पछिल्लो किस्ता रकम अझै पाउन सकेका छैनन् । पहिलो किस्ता बापतको रकम खर्च भई त्यसपछिको चरणका लागि किस्ता रकम लिन निवेदन दिए पनि भूकम्प पीडितले यस त्रैमासिक अवधिमा पनि रकम नपाएका हुन् । पुनः निर्माण प्राधिकरणको जिल्लास्थित कार्यालयले कोष तथा लेखा नियन्त्रण कार्यालयलाई मापदण्ड पूरा गरेर अनुदानको किस्ता लिन योग्य भूकम्प पीडितहरुको लागि भुक्तानी आदेश पठाए पनि निकासाको फुकुवा नआएका कारण रकम बितरणमा ढिलाई भएको पुनः निर्माण प्राधिकरणले जनायो । रकम नपाउँदा निर्माणाधीन घर पूर्ण हुन नसकेपछि हिमाली क्षेत्रको चिसो र वर्षामा अझै पनि कष्टकर जीवन बिताउनु परिरहेको पीडितहरुको गुनासो थियो । ओखलढुङ्गामा व्यक्तिगत आवास पुनः निर्माणका लागि १९ हजारले पहिलो किस्ता अनुदान लिएर घर निर्माण गरिरहेका छन् । तीमध्ये १३ हजारले तेस्रो किस्ता लिइसकेका छन् । बाँकीले किस्ता लिने तयारी गरे पनि फुकुवा नआएपछि रकम पाउन सकेका छैनन् ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. १)**

विभिन्न गैरसरकारी संस्थाले दोलखा जिल्लामा बनाइदिएको भूकम्प पीडितका घरहरु अत्यन्त साँघुरा छन् । लामोसाँघु जिरी सडक छेउमा पर्ने लाँकुरीडाँडाका एकतले ढलान घरमा दुई कोठा मात्र छन् । साँघुरो घरमा ती परिवारले दुई कोठामा भान्छा, अन्न भण्डार र शयनकक्ष पनि त्यही व्यवस्थापन गर्न कठिन भएको गुनासो पीडितहरुको छ । बर्षा मौसममा घरको छतबाट पानी चुँहिने अवस्था छ भने घरको ओतका लागि बनाइएका बाहिरी टप छोटो भएका कारण सामान्य बर्षा समेत थेग्दैनन् । अन्तराष्ट्रिय गैरसरकारी संस्था एसओएस्ले दोलखामा १ सय ७ घर बनाइदिएको छ तर निर्माणका बेला गरिएको चरम लापरबाहीका कारण भूकम्पपीडित परिवार टहराबाट नयाँ घरमा सर्न सकेका छैनन् ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- प्रदेश नं. ३)**

गण्डकी प्रदेशको स्याङ्जामा महाभूकम्पको करिब चार वर्ष पुग्न लाग्दा पनि पुनः निर्माणको कामले अझै गति लिन सकेको छैन। घर भत्किएपश्चात् टहरा हालेर बस्दै आएका पीडितको समय फेरिए पनि अवस्था भने फेरिएको छैन। हिउँद र वर्षा मौसममा बारीको कान्लामा बनाइएको टहरामा दिन बिताउन बाध्य छन्। घर बनाउनका लागि सरकारले अनुदानको व्यवस्था गरे पनि वास्तविक पीडित भने अनुदानबाट पिछ्डिएका छन्। नक्कली पीडितले पुराना र बस्न छाडिएका घर देखाएर सहयोग लिएको ०७५ पुष ११ गतेको कान्तिपुरमा उल्लेख छ ।

त्यसैगरि महाभूकम्पको केन्द्रविन्दु जिल्ला गोरखामा ४३ महिनाको अवधिमा ४० हजार ७ सय १२ घरको निर्माण सकिएको छ। पुनर्निर्माण प्राधिकरणको जिल्ला आयोजना कार्यान्वयन इकाइ अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधारको कार्यालयका अनुसार ६२ हजार पाँच सय २१ पीडितको खातामा पहिलो किस्ताको रकम निकासा भएको छ। ७० हजार चारसय ८१ लाभग्राहीमध्ये ५२ हजार चारसय १५ जनाको खातामा घर निर्माणका लगि दोस्रो किस्ताको रकम निकासा भएको इकाइका इन्जिनियर शैलेन्द्र भट्टले बताए। अनुदान सम्झौता गर्दा पहिलो किस्ताको ५० हजार, डीपीसी सकेपछि दोस्रो किस्ताको एकलाख ५० हजार र घर निर्माण सम्पन्न गरेपछि अन्तिम तथा तेस्रो किस्ताको एक लाख पाउने प्रवाधान छ। भूकम्पले भत्किएका घर पुनर्निर्माण सम्पन्न भइसक्नुपर्ने अवधिमा झन्डै ८ हजार लाभग्राहीले भने हालसम्म पहिलो किस्ताको रकम नै नलिएको ०७५ मंसीर २६ गते प्रकाशित कान्तिपुरमा उल्लेख छ ।

**(१५ औं त्रैमासिक प्रतिवेदन- गण्डकी प्रदेश)**

## ७ - प्रवृत्ति

- **स्थानीय तहमा दरवन्दी अनुसारका कर्मचारीहरुको अभावमा सेवाग्राहीले सहज ढंगले प्रभावकारी सेवा पाउन नसकिरहेको वेला स्थानीय तहका कर्मचारीहरुले आन्दोलनको नाममा सेवा ठप्प पार्दा सेवाग्राहीले थप सास्ती वेहोर्नुका साथै जनप्रतिनिधिप्रतिनै नैराश्यता उत्पन्न हुने भएकोले सेवाग्राहीलाई असर नपर्ने गरि आन्दोलनका बिकल्प खोजिन अपरिहार्य देखिन्छ ।**

- स्थानीय तहमा दरवन्दी अनुसारको कर्मचारी नहुँदा सेवाग्राही मारमा परिरहेको सन्दर्भमा आवश्यक्ता अनुसार थप कर्मचारी व्यवस्थापनमा जोड दिनुपर्ने देखिन्छ ।
- यस त्रैमासिक अवधिमा भएको भ्रष्टाचारको स्वरुपलाई हेर्दा बिगतभन्दा बढदो रुपमा पाईनु र स्थानीय तहमा अझ बढी देखिनुले स्थानीय सरकारप्रतिकै बिश्वसनीयता गुम्ने र संघीय व्यवस्थाप्रतिनै नकारात्मक धारणा बढन सक्ने भएकोले स्थानीय तहमा भ्रष्ट्राचार नियन्त्रणका लागि जोड दिन आवश्यक देखिन्छ ।
- निर्मला पन्तको बलात्कारपछि हत्याको घटनामा दोषि पत्ता लगाई कार्वाही गर्न नसक्नुले सरकारको अनुसन्धानमाथि नै राष्ट्रिय अन्तराष्ट्रिय तहबाट प्रश्न उठनु स्वाभाविक रहेकोले यसतर्फ सरकार गंभीर हुन जरुरी देखिन्छ ।
- बिगतमा झै यस अवधिमा पनि महिलामाथिको हिंसा बढदो रुपमा देखिनु चिन्ताको बिषय भएको छ । महिला र बालिकामाथि हुने हिंसाका घटनाको प्रवृत्तिलाई हेर्दा भविष्यमा अझ नबढला भन्न सकिदैन । तसर्थ यसका लागि कानुनको प्रभावकारी कार्यान्वयनका साथै स्थानीयस्तरमा राजनीतिक प्रतिबद्धता र जनचेतनामूलक अभियानमा जोड दिन जरुरी देखिन्छ ।
- चारवटा प्रदेशको नाम र राजधानी तोक्नेकाममले पूर्णता पाउन नसक्नु एक चूनौतीकै बिषय भएको छ । राजनैतिक सहमतिमा यसको समाधान गर्न नसकिने हो भने यसको जटिलता अझ बढेर जान सक्ने सम्भावना प्रवल देखिन्छ ।
- राजनीतिक दलहरुवीचको झडप र हिंसात्मक घटनाले राजनीतिक ध्रुवीकरण अझ बढेर जाने हुँदा मुलुकमा असहज राजनीतिक परिस्थितीको सृजना नहोला भन्न सकिदैन ।
- सत्य निरुपण तथा मेलमिलाप आयोग र बेपत्ता पारिएका नागरिकको छानवीन आयोगबाट पहिलो समयावधि समाप्तीपछिको थप अवधिमा समेत द्वन्द्व पीडितहरुको समस्या समाधान नहुँदा यसले आगामी दिनमा थप चूनौती नहोला भन्न सकिदैन ।
- मेलमिलापको माध्यमले बिवाद समाधान गर्ने एवं न्याय निरुपणका लागि एक उत्तम बिकल्पका रुपमा रहेको स्थानीय तहमै स्थापित न्यायिक समितिमा दलीय असहमतिका कारण निर्वाचन भएको करिव १८ महिना बित्दा समेत पूर्णता नपाउनु र भौतिक पूर्वाधारको अभावमा प्रभावकारी रुपले काम गर्न नसकिनुले यसको बिश्वसनीयतामाथि नै प्रश्न उठन थालेको हुँदा समितिको आन्तरिक र संरचनागत सुधारमा जोड दिन अपरिहार्य देखिन्छ ।

१५ औं **EWER** त्रैमासिक प्रतिवेदन सेफरवर्ल्ड र शान्तिको लागि साझा अभियान (कोक्याप)/नेपाल मनिटर डट ओआरजीले निम्न संस्था/प्रतिनिधिहरुको सहकार्यमा तयार गरेको हो । प्रदेश नम्वर १ मा मानवअधिकार सञ्जाल तथा शान्ति कार्य समूह (प्याग-नेपाल) कि यसोधा सुव्वा, प्रदेश नम्वर २ मा नेपाल मधेश फाउण्डेशन (नेमाफ) का नन्दकुमार साह, प्रदेश नम्वर ३ मा पत्रकार रुद्र पंगेनी, प्रदेश नम्वर ४ मा पत्रकार रामेश्वर बोहरा, प्रदेश नम्वर ५ मा  मधेश मानवअधिकार गृह (माहुरी होम) का बसन्त बन्जाडे,प्रदेश नम्वर ६ मा मध्यपश्चिमाञ्चल विश्वविधालय सुर्खेतका कमलराज लम्साल र प्रदेश नं. सातमा मानवअधिकारकर्मी हेमकर्ण विकले घटनाको बिवरण संकलन र बिश्लेषणमा लिखित सहयोग गर्नुभएको छ भने, प्रतिवेदन संयोजन र सम्पादन सेफरवर्ल्डका लागि देवराज पोखरेल र अनुराग आचार्यले गर्नुभएको छ ।